का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ फागुन २०७९,
सोमबार
13 March 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय

ईपेपर हेर्नु

वर्ष २१, अंक ४७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### उपराष्ट्रपतिमा जसपा

# सर्वोच्चको डर, गठबन्धनको भर

उपराष्ट्रपतिमा लैंगिकताको विवाद सर्वोच्च जाने डरले जसपाले दुई जनाकै उम्मेदवारी कायम राखेको छ । अर्कोतर्फ जसपालाई चुनाव जित्न सत्ता गठबन्धनको भर पर्नुपर्ने अवस्था छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

निर्वाचन आयोगले उपराष्ट्रपतिमा जनता समाजवादी पार्टीका नेता रामसहाय प्रसाद यादवको उम्मेदवारी पनि कायम राखेको छ ।

राष्ट्रपतिमा रामचन्द्र पौडेल निर्वाचित भइसकेको अवस्थामा उपराष्ट्रपतिमा पनि पुरुष उम्मेदवार कायम हुन नसक्ने भन्दै यादवको उम्मेदवारीविरुद्ध दुई वटा उजुरी परेको थियो । तर, आयोगले यादवको उम्मेदवारी पनि कायम रहने निर्णय गरेको छ ।

आइतबार राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयका मुख्य निर्वाचन अधिकृत महेश शर्मा पौड्यालले उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेका छन् । जसमा शनिबार उम्मेदवारी दिएका चारैजना अष्टलक्ष्मी शाक्य, रामसहायप्रसाद यादव, प्रमिला कुमारी र ममता झाको नाम समावेश छ ।

निर्वाचन आयोगले रामसहायप्रसाद



यादवको उम्मेदवारी कायम रहने निर्णय गरे पनि जसपाले आफ्नो पार्टीका दुबै उम्मेदवार कायम राखेको छ । जसपाले २५ फागुनमा नै रामसहाय उपराष्ट्रपतिको उम्मेदवार तोकेको थियो ।

तर राष्ट्रपति र उपराष्ट्रपति दुबै पुरुष हुन नहुने प्रश्न उठेपछि जसपाले प्रमिला कुमारीलाई पनि उम्मेदवार बनाएको हो । निर्वाचन आयोगले रामसहायको उम्मेदवारी सदर गरे पनि अदालतमा मुद्दा पर्न सक्ने आशंकाले अन्तिमसम्म दुबै उम्मेदवार कायम राख्ने निर्णयमा जसपा पुगेको हो । अर्थात, उपराष्ट्रपतिमा लैंगिकताको विवाद सर्वोच्च जाने डरले जसपाले दुई जनाकै उम्मेदवारी कायम राखेको छ । अर्कोतर्फ जसपालाई चुनाव जित्न सत्ता गठबन्धनको भर पर्नुपर्ने अवस्था छ । जसपाको दुई हजार ९७ मतभार मात्रै छ । चुनाव जित्न कम्तीमा २६ हजार ३ सय ९४ मत ल्याउनुपर्ने हुन्छ ।

संविधानको धारा ६२ (३) अनुसार राष्ट्रपति निर्वाचनमा विजयी हुन ५१ प्रतिशत अर्थात २६ हजार ३ सय ९४ मत आवश्यक पर्छ । उपराष्ट्रपति निर्वाचनमा

– बाँकी पृष्ठ २ मा

# नेपालले जोगायो एकदिवसीय मान्यता

जिम्बावेमा हुने विश्वकप छनोटमा फाइनल स्थान बनाउने दुई टोलीले आगामी अक्टोबर नोभेम्बरमा भारतमा हुने एकदिवसीय विश्वकप खेल्न पाउनेछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

नेपालले आईसीसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा युनाइटेड अरव इमिरेट्स (यूएई)माथि १ सय ७७ रनको कीर्तिमानी जित हासिल गरेको छ । यस जितसँगै नेपाल एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता कायम राख्न सफल भएको छ ।

लिगमा नेपालले शीर्ष चारमा रहँदै एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता गर्न सफल भएको हो । आइतबार टियु मैदान कीर्तिपुरमा भएको खेलमा नेपालले



यूएईलाई १ सय ७७ रनले पराजित गरेको हो । नेपालले दिएको २ सय ४९ रनको लक्ष्य पछ्याएको यूएईले २२ ओभर ५ बलमा अलआउट हुँदै ७१ रन मात्र बनायो ।

यूएईका लागि आयान खानले २९ रन र असओन्था झाल्यापाले १४ रन बनाए । कार्तिक मैयप्पनले ११ तथा यूएईका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि ललित नारायण राजवंशीले ५ तथा सन्दीप लामिछानेले २ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले ४९

– बाँकी पृष्ठ २ मा



### वैदेशिक रोजगार विशेष

## सात महिनामा करिब ५ लाख नेपाली वैदेशिक रोजगारमा, रेमिट्यान्समा उल्लेख्य वृद्धि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

चालु आर्थिक वर्षको सात महिनाको अवधिमा ४ लाख ८२ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन् । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको सात महिनाको अवधिमा संस्थागत तथा व्यक्तिगत-नयाँ अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ३ लाख १४ हजार ७ सय ६७ र पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या १ लाख ६७ हजार ७ सय ८ पुगेको छ ।

बैंकले सार्वजनिक गरेको तथ्यांकले दैनिक करिब २ हजार ३ सय र मासिक सरदर ६९ हजार नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिएको देखिन्छ । वर्तमान तथा यसअघिका सरकारले स्वदेशमा नै रोजगारी सिर्जना गरी बाध्यताको वैदेशिक रोजगार अन्त्य गर्ने बताएपनि राष्ट्र बैकद्वारा सार्वजनिक तथ्यांकले वैदेशिक रोजगार नै श्रम बजारमा आउने नेपाली युवायुवतीको विकल्प भएको देखाएको छ ।

राष्ट्र बैंकले वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत-नयाँ अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या अघिल्लो वर्षको तुलनामा ५७.३ प्रतिशतले र पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या १०.१ प्रतिशतले वृद्धि भएको बताएको छ ।

वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा भएको वृद्धिसँगै औपचारिक माध्यमबाट नेपाल भित्रिने रेमिट्यान्समा समेत उल्लेख्य वृद्धि भएको देखिएको छ । सात महिनाको अवधिमा ६ खर्ब ८९ अर्ब ८८ करोड बराबरको रेमिट्यान्स भित्रिएको बताउँदै राष्ट्र बैंकले रेमिट्यान्स आप्रवाह वृद्धिदर २७.१ प्रतिशत रहेको बताएको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ४.४ प्रतिशतले घटेको थियो ।

राष्ट्र बैंकको तथ्यांकअनुसार वैदेशिक रोजगारका लागि नेपालीहरु सबैभन्दा धेरै मलेसिया त्यसपछि क्रमश: कतार, साउदी अरेबिया, यूएई, कुवेत, बहराइनसहित खाडी मुलुक गएका छन् । वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएपनि दक्ष कामदारको संख्यामा भने वृद्धि हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । पछिल्ला दिनमा रोमानिया, साइप्रससहित पोर्चुगल जाने नेपाली कामदारको संख्यामा पनि वृद्धि भएको छ ।

## एजेण्डाविहीन विद्यार्थी आन्दोलन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

आगामी चैत ५ गते देशभरि नै स्वतन्त्र विद्यार्थी युनियनको चुनाव हुने भनिएतापनि धेरै विद्यार्थी संगठन चुनाव नगराउन कम्मर कसेर लागेका छन् । विद्यार्थीको एजेण्डामा भन्दापनि

> विभिन्न शैक्षिक तथा सामाजिक रुपान्तरणका मुद्दामा बहस छलफल तथा अनुसन्धान गरेर सरकारलाई कार्यान्वयनमा दवाव दिनुको सट्टा नेतृत्वको चाकडीमा रमाउने विद्यार्थी नेतृत्वकै कारण आन्दोलनको साख गुमेको विज्ञहरु बताउँछन् ।

पद पाउने विषयमा मात्रै विद्यार्थी आन्दोलन केन्द्रित भएपछि चुनावको ओझ नै दिनप्रतिदिन घट्न थालेको हो । अझ चुनावको मुखमा विद्यार्थी एजेण्डा उठाउने भन्दापनि क्याम्पसमा खुकुरी लिएर जाने, झगडा गर्ने र फर्जी विद्यार्थीको भर्ना गरेर चुनाव हुन नदिने गतिविधि झनै बढ्न थालेको छ ।

'गणतन्त्रमा विद्यार्थी संगठन राजनीतिक दलको टाङमुनि छिर्दा स्ववियु अलपत्र पर्‍यो, अहिले विद्यार्थी आन्दोलन धरापमा पुगेको छ, अब नयाँ कार्यदिशामा विद्यार्थीको एजेण्डालाई उठाउनु अपरिहार्य देखिन्छ,' ताहाचल क्याम्पसमा पूर्वसभापति मोहन गौतमले भने । उनले पछिल्ला दिनका विद्यार्थी एजेण्डा भर्ना गर्नेमा मात्रै सीमित भएको बताएका छन् ।

स्ववियु चुनाव अनियमित हुँदा र विद्यार्थीहरु एजेण्डाविहीन भएकै कारण क्याम्पसका महत्वपूर्ण निकायमा विद्यार्थीको प्रतिनिधित्व हुन सकेको छैन भने शैक्षिक क्षेत्रमा अराजकता समेत मौलाउँदै गएको छ ।

'हामी विद्यार्थीको हकहित र संरक्षणका लागि स्ववियु चुनाव हुनैपर्छ भन्नेमा जोड दिईरहेका छौं, एजेण्डा विद्यार्थीकै हुन्, क्याम्पसमा अराजकतन्त्र मौलाउँदा न समयमा चुनाव हुन्छ, न कुनै विद्यार्थीको एजेण्डा, यो प्रवृत्ति अन्त्य हुनु जरुरी छ,' अखिल क्रान्तिकारीका विद्यार्थी नेता मदन

– बाँकी पृष्ठ २ मा

हार्दिक बधाई



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विधानको दफा १३ बमोजिम सल्लाहकारमा मनोनयन हुनुभएकोमा निवर्तमान अध्यक्षको हैसियतमा विमल ढकाल, वरिष्ठ वैदेशिक रोजगार व्यवसायीहरु रघुनाथ पुरी, पदमराज पौडेल, सुवर्ण श्रेष्ठ र शितल प्रसाद यादव साथै कानूनी सल्लाहकारमा मनोनयन हुनुभएकोमा वरिष्ठ अधिवक्ता शम्भु थापा र शम्भु निरौला अधिवक्ता देवराज कटुवाललाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

बिन्देश्वर यादव
महासचिव
तराई वैदेशिक रोजगार फोरम

# सिन्धुलीमा बस दुर्घटनामा ६ जनाको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

सिन्धुलीमा भएको बस दुर्घटनामा ६ जनाको मृत्यु भएको छ। मध्यपहाडी राजमार्गअन्तर्गत सिन्धुलीको फिक्कल गाउँपालिका ४ कुहिभिरमा आइतबार भएको बस दुर्घटनामा ओखलढुङगाका पाँच र उदयपुरका एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।



जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी प्रमुख, प्रहरी उपरीक्षक राजकुमार सिलवालकाअनुसार मृत्यु हुनेहरूमा ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका ३ बस्ने ३२ वर्षीय पेशल भुजेल, सिद्धिचरण नगरपालिका ५ बस्ने ३२ वर्षीया जोसना राई, सोही ठाउँकी ४० वर्षीया राधा भुजेल, मानेभञ्ज्याङ गाउँपालिका ६ का २४ वर्षीय देवबहादुर सार्की, चिशङ्खुगढी गाउँपालिका ४ बस्ने २६ वर्षीय सञ्जित राई र उदयपुरको कटारी नगरपालिका २ बस्ने ३४ वर्षीया कुमारी मगर रहेका छन्।

ओखलढुङ्गाका पाँचै जनाको शवपरीक्षणका लागि ओखलढुङ्गा लगिएको र उदयपुरका एक जनाको शव सिन्धुली अस्पताल ल्याइएको सिलवालले जानकारी दिए। ओखलढुङ्गाबाट काठमाडौंका लागि छुटेको बा २ ख ६५९६ नम्बरको बसमा चालकसहित ३६ जना सवार थिए। तीनजना गम्भीरसहित १६ जना घाइतेहरुको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

घाइते आठजनालाई हेलिकप्टर र आठजनालाई एम्बुलेन्समार्फत काठमाडौं ल्याइएको हो। सामान्य घाइते रहेका १४ जनाको स्थानीय अस्पताल खुर्कोटमा उपचार भइरहेको छ। बस ब्रेक फेल भएर अन्यन्त्रित भएर दुर्घटना भएको प्रहरीले जनाएको छ।

# राष्ट्रपति भण्डारीको बिदाइ भेट

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार राष्ट्रपति भवन शीतल निवासमा शीर्ष राजनीतिक नेतृत्वसँग सामूहिक भेट गरेकी छिन्। नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहित प्रमुख राजनीतिक दलका प्रमुखहरूसँग राष्ट्रपति भण्डारीले सामूहिक भेटघाट र चियापान गरेकी उनका प्रेस विज्ञ टीकाप्रसाद ढकालले जानकारी दिए।



भेटघाटमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलगायत नेताहरू सहभागी रहेका थिए। सो अवसरमा राष्ट्रपति भण्डारीले आफ्नो कार्यकाल पूरा गर्न सहयोग गर्ने विभिन्न कार्यकालका प्रधानमन्त्रीहरू, राजनीतिक नेतृत्व र सम्बद्ध सबैलाई धन्यवाद दिएकी थिइन् भने शीर्ष नेताहरूले उनको कार्यकाल सफलतापूर्वक पूरा गरेकोमा बधाई दिएका थिए। नवनिर्वाचित राष्ट्रपतिको शपथ ग्रहण सोमबार दिउँसो १ बजे शीतल निवासमा तय गरिएको छ।

# पौडेल राजनीति भूमिकाबाट अलग

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलको राजीनामा स्वीकृत गरेका छन्। वरिष्ठ नेता पौडेल फागुन २५ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपतिमा निर्वाचित भएपछि कांग्रेस पार्टीको पद, जिम्मेवारी र साधारण सदस्यबाट अलग भएको राजीनामा आइतबार स्वीकृत गरेका हुन्।

सभापति देउवाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) बमोजिम फागुन २८ गतेदेखि लागु हुने गरी राजीनामा स्वीकृत गरेका पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

सभापति देउवाले कांग्रेसमा लामो समयसम्म आबद्ध रहेर राष्ट्रियता, लोकतन्त्र र पार्टी सङ्गठनमा नेता पौडेलले पुर्‍याएको अतुलनीय योगदानको उच्च सम्मान र कदर गरेका छन्। सभापति देउवाले राष्ट्रपति पदको गरिमा, मर्यादा, दायित्व र जिम्मेवारीलाई संविधानको मर्म र भावना अनुरुप कार्यसम्पादन गर्न पौडेल सफल भएको विश्वास लिँदै शुभकामना व्यक्त गरेका छन्।

# प्रमुख सचेतकमा गिरी, सचेतकमा बर्तौला



**काठमाडौं/मस-** नेकपा एमालेको प्रतिनिधि सभाको प्रमुख सचेतकमा पदम गिरी र सचेतकमा महेश बर्तौला मनोनीत भएका छन्। एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले गिरीलाई प्रमुख सचेतक र बर्तौलालाई सचेतकमा मनोनीत गरेका हुन्। दुवैलाई फागुन २५ गतेदेखि लागु हुने गरी मनोनयन गरिएको हो। गिरी पूर्वस्वास्थ्य तथा जनसंख्या मन्त्री र बर्तौला एमाले पार्टी बागमती प्रदेशको उपसचिव हुन्।

उनीहरू दुवै जनालाई एमाले संघीय संसदीय दलको विधान २०७७ बमोजिम एमाले अध्यक्षसमेत रहेका ओलीले मनोनयन गरेका हुन्। गत मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा गिरी पर्वतबाट र बर्तौला मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित भएका थिए।

# निजामती अस्पतालमा राष्ट्रिय व्यक्तित्वलाई उपचारमा सहुलियत !

**काठमाडौं/मस-** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले निजामती सेवा अस्पतालमा राष्ट्रिय व्यक्तित्वलाई निजामती सरह सुविधा दिने तयारी भइरहेको बताएका छन्। राष्ट्रिय समावेशी म्युजिक अवार्ड वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रिय व्यक्तिको सम्मानका लागि उपचारमा निजामती सरह सुविधा उपलब्ध गराउने तयारी भइरहेको जानकारी गराए।

'तपाईंहरुको लागि सरकारका तर्फबाट गर्न सक्ने सहयोग र समन्वय गर्न म सदैव तत्पर छु', मन्त्री मोदीले भने, 'मन्त्रालयअन्तर्गतको निजामती सेवा अस्पतालमा अहिले निजामती सेवाकाले मात्रै सुविधा पाउँछन्, अब त्यहाँ राष्ट्रिय कलाकार, राष्ट्रिय खेलाडी, सहिद तथा बेपत्ता परिवारलाई निजामती सरह सुविधा दिने गरी कार्यविधि बनाउँदैछौं।'

राष्ट्रिय व्यक्तित्वको सम्मानका लागि आफूले यो काम गर्न लागेको मन्त्री मोदीको भनाइ थियो। आर्थिक समस्याका कारण कलाकारले जीवनको उतरार्द्धमा उपचार गर्न नसक्ने अवस्था सिर्जना भएको भन्दै मन्त्री मोदीले भने, 'आर्थिक अभावले तपाईंहरुलाई निरास लान सक्छ, राज्यका लागि पुर्‍याएको योगदानको मूल्याङ्कन भएन कि भन्ने पनि तपाईंहरुलाई लाग्छ। तपाईंहरुसहित राष्ट्रिय व्यक्तित्वको सम्मानमा निजामती अस्पतालमा निजामती सरह उपचारमा सुविधा दिने हाम्रो तयारी छ, तपाईंहरुको कलाको राज्यले उचित सम्मान गर्छ।'

मन्त्री मोदीले समाजमा कर्मचारीले हेर्ने दृष्टिकोण परिवर्तन गर्ने समेत बताए। जनताको सेवा दिने सवालमा कर्मचारीले आलटाल गर्ने प्रवृत्तिलाई अन्त्य गरेर भ्रष्टाचारमुक्त समाज निर्माण गरी सुशासन कायम गर्ने दिशामा सरकार लागेको उनले बताए।

# राप्ती नपामा अख्तियारको छापा

**चितवन/मस-** राप्ती नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेको छ। नगरपालिकाका प्रमुख शम्शेर लामाले सचिवालयको लागि भन्दै खरिद नै नगरेको सामग्रीको बिल पेस गरेको लगायतका विषयमा उजुरी परेपछि अख्तियारको हेटौंडा कार्यालयबाट टोली खटिएको थियो। नगरप्रमुख लामालेसचिवालयका लागि मोबाइल खरिद गरेको भन्दै बिल पेस गरेर भुक्तानी गराएको, इन्धनको लागि १ वर्षलाई छुट्टाएको रकम ८ महिनामै सकेको, विपद्को लागि छुट्टाएको ७० लाख रुपैयाँ मनपरी वितरण गरेको, नगरपालिकामा नियम विपरीत कर्मचारी राखेको अख्तियारको दाबी छ। अख्तियारका अनुसार नगरपालिकाको कामकारबाहीलाई लिएर १६ वटा उजुरी परेको छ। उजुरीको छानबिनको लागि आवश्यक कागजात नियन्त्रणमा लिइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका सूचना अधिकारी विष्णुप्रसाद सापकोटाले जानकारी दिए।

# सर्भर समस्या हुँदा बिरामीलाई सास्ती

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन।

सर्भर समस्याका कारण आइतबार देशभरका स्वास्थ्य बीमा कार्यक्रम अवरुद्ध भएको छ। स्वास्थ्य बीमा कार्यक्रम लागु भएका देशभरका अस्पतालमा आइतबार बिहानैदेखि सेवा अवरुद्ध भएको हो। केन्द्रीय सर्भरमा समस्या आएसँगै अस्पतालहरुले सेवा स्थगित गरेका छन्। काठमाडौं महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले आइतबार बिहानै सूचना टाँसेरै अस्पतालबाट दिइने सेवा स्थगित गरेको थियो।

स्वास्थ्य बीमा बोर्डका सूचना अधिकारी शम्भु प्रसाद ज्ञवालीले आइतबार बिहानैबाट सर्भरमा समस्या देखिएको बताए। उनका अनुसार गभरमेन्ट इन्टिग्रेट डाटा सेन्टर (जीआईडीसी) (केन्द्रीय सर्भर)मा समस्या आएपछि देशभरका स्वास्थ्य बीमाका सर्भरमा समस्या भएको हो।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलाले भने बिहान ७ बजेदेखि बन्द भएको बिमाको सेवा ११




बजेदेखि पुनः सुचारु भएको बताए।

निर्देशक बसौलाले सेवा शुरु भएको बताए पनि सबै अस्पतालहरुमा भने सेवा शुरु भइसकेको छैन। वीरमा बीमाको सर्भरमा समस्या आएको छ। चितवनस्थित भरतपुर अस्पतालले भने सर्भरमा समस्या आएपनि सेवा अवरुद्ध गरेको छैन्। सर्भरमा समस्या आएपनि सेवा नरोकेको स्वास्थ्य बीमा कार्यक्रमका फोकल पर्सन लीला पौडेलले बताए। आइतबार मात्रै १ हजार १६ जनाले स्वास्थ्य बीमामार्फत भरतपुर अस्पतालबाट सेवा लिएका छन्। सरकारले ६ वर्षअघि महत्वाकांक्षी योजनासहित स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनमा ल्याएको हो। २०७२ चैत २५ बाट शुरु भएको यो कार्यक्रम अहिले अधिकांश जिल्लामा कार्यान्वयनमा आइसकेको छ।

## उपराष्ट्रपतिमा...

कुल ८८४ जना मतदाता हुन्छन्। उनीहरूको जम्मा मतभार ५२ हजार ७ सय ८६ हुन्छ। एक संघीय सांसदको पद रिक्त छ, केही निलम्बन र केही सांसद उपचारका लागि विदेश रहेकाले मतदान गर्न पाउँदैनन्। र पनि जसपालाई चुनाव जित्न सत्ता गठबन्धनमा रहेका अन्य दलहरुको शतप्रतिशत मत आवश्यक पर्दछ।

कांग्रेसको कूल मतभार १६ हजार २२१ छ। १५ हजार २८१ मतभार रहेको एमालेको आफ्नै उम्मेदवार छन्। माओवादी केन्द्रको ७,७२८ मतभार छ। एकीकृत समाजवादीको दुई हजार ४७८, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को १५०१ मतभार छ।

जनमत पार्टीको १२४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५ मतभार छ। जनमत, लोसपा र नाउपाले कार्यगत एकता नै गरेका छन्। राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र मतभार १२८७ छ।

पहिलो निर्वाचनमा कुनै उम्मेदवारले बहुमत हासिल नगरे सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीच पुनः मतदान हुनेछ। दोस्रो चरणको निर्वाचनमा पनि दुवैले बहुमत हासिल गर्न नसके तेस्रो चरणको चुनावमा सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार नै विजयी हुनेछ। अर्थात्, तेस्रो चरणको निर्वाचनमा ५० प्रतिशत मत कटाउनुपर्ने हुँदैन।

सत्ता गठबन्धनमा रहेका ८ वटै दल सँगै रहँदा राष्ट्रपति/उपराष्ट्रपति निर्वाचनमा लागि ५० प्रतिशत बढी मत पुग्छ। तर, गठबन्धनबाटै ३ जना उम्मेदवार छन्।

## नेपालले...

ओभर २ बलमा अलआउट हुदै २ सय ४८ रन बनाएको हो। नेपालका लागि कप्तान रोहित पौडेलले १ सय १२ बलमा ७७ रनको अर्धशतकीय इनिङ खेले।

दीपेन्द्र सिंह ऐरीले १९ बलमा ३४ रन बनाए। आरिफ शेखले ५२ बलमा ४३ रन बनाउँदा गुलसन झाले ३२ बलमा ३७ रन बनाए। झाले ३ छक्का र १ चौका प्रहार गरेका थिए।

सात देश सम्मिलित विश्वकप लिग टूमा नेपालले ३४ खेलमा १७ मा जित तथा १५ मा हार व्यहारेको छ। नेपाल ३६ अंक जोडेर अंक तालिकाको चौथो स्थानमा रहेको छ। यूएई भने ३४ खेलमा १४ खेलमा जित तथा १७ खेलमा हार व्यहोरेको छ। ३१ अंक जोडेर यूएई छैटौं स्थानमा रहेको छ।

नेपालले सोमबार पपुवा न्युगिनी र बिहीबार यूएईलाई हराउँदा ४० अंक हुनेछ। ४० अंक हुँदा नेपालले नामिबियालाई पछि पार्दै शीर्ष तीनमा रहँदै सोझै विश्वकप छनोट खेल्न पाउनेछ। यता यूएई, अमेरिका र पपुवा न्युगिनीले प्लेअफ क्वालिफायर खेल्ने पक्का भएको छ। अब नेपाल र नामिबियामध्ये चौथो स्थानमा रहने टोलीले पनि प्लेअफ खेल्नुपर्ने हुन्छ।

प्लेअफमा लिग-२ का पुछारका चार टोलीसँगै जर्सी र क्यानडा गरि ६ टोली हुनेछन्। जसबाट शीर्ष दुई टोलीले जिम्बावेमा हुने विश्वकप छनोट खेल्न पाउनेछन्। विश्वकप छनोटमा कुल लिग २ का शीर्ष तीन टोली, प्लेअफ क्वालिफायरका शीर्ष दुई र सुपर लिगका पुछारका पाँच गरि १० टोली हुनेछन्।

जिम्बावेमा हुने विश्वकप छनोटमा फाइनलमा स्थान बनाउने दुई टोलीले आगमी अक्टोबर नोभेम्बरमा भारतमा हुने एकदिवसीय विश्वकप खेल्न पाउनेछन्।

## एजेण्डाविहीन...

भुलले भने। उनले स्ववियु चुनाव गराएर विद्यार्थीका एजेण्डालाई सक्रियताका साथ उठाउनुपर्नेमा जोड दिएका छन्।

तर, हरेक २ वर्षमा फागुन १४ गते स्ववियु निर्वाचन गर्ने त्रिविको कार्यतालिका भएपनि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणाली लागू भएदेखि चुनाव हुन सकेकै छैन। स्ववियुबाट सभापति, सचिव र कोषाध्यक्ष प्रत्यक्ष र उपसभापति, सहसचिव, सदस्य समानुपातिकबाट निर्वाचित हुने व्यवस्था रहेको छ। तर, देशभरिका विद्यार्थीको २०३६ सालदेखि २०७५ सालसम्म १६ पटक स्ववियुको चुनाव भए पनि २०६५ सालमा भएको स्ववियु चुनावपछि विभिन्न बहाना देखाउँदै क्याम्पसहरूमा स्ववियुको चुनाव हुन सकेको छैन।

बरु, २०२० देखि उठ्दै आएको किर्ते हाजिरीको विषय अहिलेपनि उठिरहेको छ। सोही विषयमा विवाद भएर चुनाव पटकपटक स्थगित हुँदै आएको छ। विभिन्न शैक्षिक तथा सामाजिक रूपान्तरणका मुद्दामा बहस छलफल तथा अनुसन्धान गरेर सरकारलाई कार्यान्वयनमा दवाव दिनुको सट्टा नेतृत्वको चाकडीमा रमाउने विद्यार्थी नेतृत्वकै कारण आन्दोलनको साख गुमेको विज्ञहरु बताउँछन्। तर पनि, उनीहरु विद्यार्थीको एजेण्डाभन्दा पनि पार्टी नेतृत्वको आदेश मानेर संगठन चलाउन तत्पर देखिन्छन्।

**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

1. Manager: 1 (Male/Female)
2. Accountant: 1 (Male/Female)
3. Customer Service : 7 (Male/Female)

(Candidates Should be Mininum 3 Years Experienced in Related Field.)
(Candidates Should Know both Speaking & Writting English Language with Computer Knowlege.)

SALARY Negotiable

SEND YOUR CV: cvvacancy6@gmail.con
9801364872

**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

**RECEPTIONIST - 1 (F)**

1. Must have +2 passed
2. Should have computer knowledge
3. 1years of working experience in manpower feild.

SEND YOUR CV: ominternational1437@gmail.com

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal
Mobile: 9851099948 | 9851003367

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | उत्पकिो मूलक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Air-conditioner | इलेक्टिकल | Distar | DHA-2022OF-1TWB | चीन | पिस | 43,719.04 | 43,719.04 | |

शेर्पा एड कम्पनी प्रा. लि.
बसुन्धारा काठमाडौं, नेपाल, फोन : ०१-५९०६१३०    स्थाइ लेखा नं. ३००१८५३३९

**Gosaikunda Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Syafrubensi, Rasuwa**

**Invitation for Bids**

**Date of Publication: 13th March, 2022**

1. **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** invites sealed bids from eligible bidders for the following works under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa, email address: gosaikundapalika@gmail.com, Telephone: 010-541088**
3. A complete set of Bidding Documents may be purchased from **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa,** bidders should deposit the cost of the bidding document as specified below
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Nepal Bank Limited, Dhunche Branch, Dhunche, Rasuwa**
**Name of Office: Gosaikunda Rural Municipality, Syafrubensi, Rasuwa**
**Cost of Bidding Document: NRs. 3000**
**Internal Revenue account no.: GA1.1 GOSAIKUNDA GA.PA.**
**Aantarik Rajaswa Khata: 11103000001001000001**
4. Pre-bid meeting will be held in **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** at 11:00 hrs on 31/03/2023
5. Sealed bids must be submitted to **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syfrubensi, Rasuwa** before **12:00 *Hrs*** on ***12th April, 2023.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00Hrs on ***12th April 2023*** at **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa.**
7. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.

| S.N | Contract ID No./ Description | Bid Security Amount (NRs) | Estimated Amount Without VAT and PS(Nrs) | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | GRM/NCB-011/2079-080 Construction of Porter Shelter house, toilet, and drinking water at Godegang | 74000 | 27,30,266.06 | 17:00 Hrs on 11th April, 2023 | 12:00 Hrs on 12th April, 2023 | 13:00 Hrs on 12th April, 2023 |

## माओवादी घटकको संयुक्त पत्रकार सम्मेलन

# द्वन्द्वकालीन मुद्दाले एकै ठाउँ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

नेकपा(माओवादी केन्द्र)का अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले केही वर्ष पहिलेको एक सार्वजनिक कार्यक्रममा दिएको राजनीतिक भाषणलाई लिएर सङ्क्रमणकालीन न्यायसँग जोडिएको मुद्दा नियमित रुपमा सर्वोच्च अदालत पुऱ्याइएपछि माओवादी घटकहरू पछिल्ला दिनमा संवादमा जुटेका छन् । विभिन्न टुटफुटमा पुगेका शक्ति एक आपसमा मिल्ने र साझा धारणाका साथ उभिने संकल्प गरेका छन्। सोही क्रममा आइतबार संयुक्त पत्रकार सम्मेलनको आयोजना गरेका छन् ।



पत्रकार सम्मेलनमा माओवादी नेताहरूले जनयुद्धको बलमा नै दोस्रो जनआन्दोलनले सफलता प्राप्त गरेको, नेपालको संविधानको आधार अन्तरिम संविधान भएको तथा सङ्क्रमणकालीन न्यायसँग जोडिएको विषय नियमित अदालतमा प्रवेश गर्न नसक्ने व्यवस्था भए पनि परिवर्तनको प्रक्रिया उल्ट्याउन खोज्ने प्रवृत्ति हावी हुन खोजेको बताएका छन् । शान्ति प्रक्रिया विपरितका गतिविधि अगाडि बढाइएको भन्दै उनीहरूले अब संयुक्त रुपमा साझा धारणाका साथ प्रतिवाद गर्ने निष्कर्ष निकालेका हुन् ।

जनयुद्धकालीन मुद्दा निरुपणका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक खोजबिन आयोग गठन गरिएको भए पनि कानून अभावमा ती आयोगले अपेक्षित काम गर्न सकेको छैन । राजनीतिक परिवर्तनलाई उल्ट्याउने र त्यसको नेतृत्वकर्तालाई अपराधी करार गर्न खोज्ने काम गरिए त्यसको कडा प्रतिवाद हुने माओवादी नेताहरूको उद्घोष छ ।

संयुक्त पत्रकार सम्मेलनमा माओवादी आन्दोलनसँग जोडिएका विभिन्न नौ पार्टीका नेताहरूको उपस्थिति रहेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी तथा समानुपातिक प्रतिनिधित्वलगायतको उपलब्धीको पछाडि माओवादी आन्दोलनको भूमिका छ। व्यवस्था स्वीकार गर्ने, त्यसको प्रतिफल पनि लिने तर व्यवस्थाका लागि संघर्ष गरेका नेतालाई अपराधी करार गरिए आफूहरूलाई सैह्य नहुने नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दको भनाइ छ । जनताले लडेर ल्याएको परिवर्तनलाई फर्काएर केही शक्ति २०४७ सालको संविधान लागु हुनुपर्छ भन्दै हिँडेकामा समेत महासचिव चन्दको कडा प्रतिक्रिया छ। अहिले देखिएको समस्या अपूरो क्रान्तिको परिणाम भएको महासचिव चन्दको भनाइ छ।

पत्रकार सम्मेलनमा माओवादीका नेताहरूले आफूहरूलाई सिंहसँग तुलना गरेका थिए । महासचिव चन्दले सिंहहरूको भीडमा स्याल ब्वासाहरूले लुछाचुडी गरेका बताए। वैज्ञानिक समाजवादी पार्टीका महासचिव विश्वभक्त दुलालले अन्य बेलामा सिंहहरू आ-आफ्नै तरिकाले हिड्ने गरेको भए पनि संकटको बेलामा एकै ठाँउमा आउने गरेको बताए। उनले विस्तृत शान्ति सम्झौता अनुसार जनयुद्धकालीन मुद्दालाई सत्य निरुपण तथा मेलमिलाप आयोगले टुङ्गो लगाउने भनिएपनि नियमित अदालतमा लैजाने विषय आफैमा मिल्दो नभएको बताए । नेकपा(माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले नेकपा (एमाले)को असहयोगका कारण शान्ति प्रक्रियाको काम टुंगोमा पुग्न नसकेको बताए । उनले संघीय संसदमा पेश भएको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक खोजबिन आयोगसम्बन्धी ऐन संशोधन हुन नसकेको बताए ।

## व्यवसायिक कृषि औजार उत्पादन गर्दै आविष्कार केन्द्र

**काठमाडौं/मस-** राष्ट्रिय आविष्कार केन्द्रले २०८० साल भदौदेखि वीरगञ्ज कृषि औजार कारखानाबाट व्यावसायिक उत्पादन गर्ने भएको छ ।केन्द्रका अध्यक्ष महावीर पुनका अनुसार सानो परिमाणमा मात्रै भए पनि कारखानाबाट उत्पादन थालिने बताएको हो । उनले भने, 'अबको ६ महिना भित्रमा सो कारखानाबाट थोरै मात्रामा भए पनि औजारहरु उत्पादन गर्न सुरु गरिने छ ।' पुनकाअनुसार गत असोजमा सरकारले कारखाना मर्मतको जिम्मा दिएयता केन्द्रले ७० प्रतिशत मेसिनको मर्मत गरेको छ। ती मेसिनहरुको मर्मतका क्रममा केही कृषि औजारहरु उत्पादन भएको पनि उनले बताए । पुनकाअनुसार कारखाना व्यावसायिक रुपमा सञ्चालन गर्न आर्थिक स्रोत जुटाउन केन्द्रले आफ्नो जीवनी प्रकाशित गर्ने र त्यसबाट आएको रकम पनि कारखानामा खर्चिने छ ।

भग्नावशेषमा परिणत कम्पनीको पुरानो मेसिनहरु मर्मत गरेर परीक्षण गर्दा गत हप्ता परम्परागत कृषि औजारहरु उत्पादन भएको थियो। पुनकाअनुसार परीक्षणका क्रममा साबेल, गैंती, कुटो, कोदालो, बञ्चरो लगायतका उपकरणहरु बनेका थिए । गत ३१ भदौको मन्त्रिपरिषद् बैठकले कृषि औजार कारखाना आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिने निर्णय गरेको थियो। सोहीअनुसार ११ असोज २०७९ मा सरकारले कृषि औजार कारखाना १० वर्षका लागि राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिने सम्झौता अर्थ मन्त्रालय र केन्द्रबीच भएको थियो।


## गौरीशंकर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७९/११/२९)

यस कार्यालयबाट मिति २०७९/१०/१३ गते प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT/PS सहित) |
|---|---|---|---|---|
| १. | GRM/NCB/WORKS/DOLAKHA/07/2079-80 | Guru Rimporche Syapling Gumba-Ratomate Danda-Mulabari Sadak | Shivansh Drilling & Construction Company Pvt Ltd | 48,72,729.33 |

**प्रमुख प्रशासकीय अधिकृत**



# ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

**Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).**
**नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)**

(Company Name) : **CHIGA LIGHT INDUSTRIES SB** **MALAYSIA, JOHOR**
रोजगारदाता कम्पनी: **चिगा लाइट इन्डष्ट्रिज एस.बी.** **मलेशिया, जोहोर**

| Pre Approval Date: 2079/03/15 | Consignment No.: 60182176 | L.T. No.: 265874 | Re-Ad |
|---|---|---|---|
| पूर्व स्वीकृत मिति: २०७९/०३/१५ | चलानी नं.: ६०१८२१७६ | एल टी नं.: २६५८७४ | पुन विज्ञापन |

| S.N. सि.नं | Post of Foreign Migrating Worker's कामदारको पद | Total Require Nos. माग संख्या Male पुरुष | Female महिला | Minimum Qualification न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time Facility ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिधा | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Manufacturing) औद्योगिक कामदार | 11 ११ | 0 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 43,470 ४३,४७० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

CHIGA LIGHT INDUSTRIES SB doesn't impose any Recruitment/Placement Fee for this employment.
चिगा लाइट इन्डष्ट्रिज एस.बी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

(Company Name) : **HARTA PACKAGING INDUSTRIES (SELANGOR) SDN BHD**
रोजगारदाता कम्पनी: **हर्ता प्यागेजीङ इन्डष्ट्रिज एसडिएन बिएचडी**

| Pre Approval Date: 2079/03/13 | Consignment No.: 60181955 | L.T. No.: 265873 | Re-Ad |
|---|---|---|---|
| पूर्व स्वीकृत मिति: २०७९/०३/१३ | चलानी नं.: ६०१८१९५५ | एल टी नं.: २६५८७३ | पुन विज्ञापन |

| S.N. सि.नं | Post of Foreign Migrating Worker's कामदारको पद | Total Require Nos. माग संख्या Male पुरुष | Female महिला | Minimum Qualification न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time Facility ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिधा | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Manufacturing Sec.) औद्योगिक कामदार | 68 ६८ | 0 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 43,470 ४३,४७० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Harta Packaging Industries (Selangor) Sdn Bhd doesn't impose any Recruitment/Placement Fee for this employment.
हर्ता प्यागेजीङ इन्डष्ट्रिज एसडिएन बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।-, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।-, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।- | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

Note **(नोट)**:
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment. **आवेदकलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।**
- **Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview. प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदकहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।**

**Interview will be conducted on 22 & 23 March 2023 inside office premises.**
**अन्तर्वार्ता मिति २०७९ चैत ८ र ९ गते कार्यालय परिसरमा हुनेछ ।**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** Information provided by the Department of Foreign Employment(DOFE) :- **१.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्।** 1.Confirm that visa is issued under your name **२.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।** 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble **३.यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्।** 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement **४.विदेश जानु अधि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ ।** 4.Before going abroad orientation or induction training should be attended compulsorily **५.विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला।** 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same **६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ।** 6.While going abroad use International Airport of Nepal or else you might be deceived **७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।** 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Grand Suite Job Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
**ग्राण्ड सुइट जब प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।**

**बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल** info@grandsuitejob.com, **वा मोबाइल नं. +९७७ ९८५११७८३३२ मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।**

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at info@grandsuitejob.com, or directly calling us at to +977 9851178332, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

श्रम इजाजत नं.: ८८०/०६७/०६८

**GRAND SUITE JOB PVT. LTD.**
**Koteshwor-32, Kathmandu, Tel: 5100475 | 9851178332**
**Email:** info@grandsuitejob.com | **web: www.grandsuitejob.com.np**



NEPAL MEDICITI® For a Healthy & Prosperous Nation

**WE'RE HIRING**

Interested candidates are requested to send their updated resume & application letter to **info@nepalmediciti.com** & **hr@nepalmediciti.com** within 10 days from the publication of this vacancy.

**Sr. Consultant- Medical Oncologist**

**Department :** Medical Oncology
**Requirement :** 1 (one)
**Qualification & Experience :** DM/DNB in Medical oncology with minimum 10 years of work experience in 200 Bedded hospital.

**NEPAL MEDICITI**, providing world class healthcare services in Nepal, is looking for deserving candidates to join it's advance Healthcare Team.

www.nepalmediciti.com



## कतारमा रोजगारको अवसर | कम्पनी: BARKAT AL ATTAR TRADING AND SERVICES
शहर : Doha

पूर्व स्वीकृत मिति: २०७९/११/२८ | चलानी नं.: ६०१९७९२२ | L.T. No.: 282356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PAINTER | 1 | 0 | | 1200 | ४३,०८० | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2500 | ८९,७५० | | | | | | | |

कम्पनी: **Aldayaa Bakery** शहर : Doha

पूर्व स्वीकृत मिति: २०७९/११/२८ | चलानी नं.: ६०१९७९२४ | L.T. No.: 282355

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOUGH KNEADER | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | COOK | 1 | 0 | | 1400 | ५०,२६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ६ गते (20 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १४५३/०७४/०७५

**Sara Khasa Human Resource Pvt.Ltd.**
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4474798, 9808338626
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np



## UAE मा रोजगारको अवसर | कम्पनी: BERKELEY SERVICES U.A.E(LLC)
शहर : UAE

पूर्व स्वीकृत मिति: २०७९/०८/०९ | चलानी नं.: ६०१९२०९५ | L.T. No.: 276509 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 341 | 57 | सम्बन्धित काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 50 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत्र ६ गते (20 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132





मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०७९, सोमबार
13 March 2023, Monday

## सम्पादकीय

# स्वार्थले निम्त्याएको संकट

आमनिर्वाचनपछि चयन गरिनुपर्ने नेतृत्वहरू मध्ये अब उपराष्ट्रपति पदको चुनाव हुन बाँकी छ । ४ मंसिरको जनादेशका आधारमा संघीय सरकारका प्रधानमन्त्री, प्रदेशका मुख्यमन्त्री, प्रतिनिधिसभाका सभामुख र उपसभामुख, प्रदेशसभाका सभामुख र उपसभामुख चयन भइसकेका छन् । गत बिहीबार, २५ फागुनमा मात्रै राष्ट्रपति पदको चुनाव सम्पन्न भएको छ । त्यो चुनावबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल मुलुकको तेस्रो राष्ट्रपति चयन भएका छन् । कांग्रेस नेतृत्वको सत्ता गठबन्धनमा आवद्ध दलहरूकै मत पाएर पौडेल राष्ट्रपति निर्वाचित भए । पौडेलका विरूद्ध नेकपा एमालेका सुवास नेम्वाङ राष्ट्रपतिका उम्मेद्वार थिए । तर एमालेलाई कुनैपनि दलले मत नदिएपछि नेम्वाङले जित्न सकेनन् । उपराष्ट्रपतिको चुनावमा पनि राष्ट्रपति चुनावकै नियति दोहोरिने लगभग पक्का छ ।

किनकि सत्ता गठबन्धनको समीकरणमा कुनै परिवर्तन आएको छैन । आधिकारिक निर्णय बिनै राष्ट्रपतिमा पौडेललाई मत दिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समेत अर्को निर्णय नगरेकाले सत्ता गठबन्धनकै उम्मेद्वार उपराष्ट्रपति निर्वाचित हुनेछन् । तर सत्ता गठबन्धनले आफ्नो आधिकारिक उम्मेद्वार प्रष्ट पार्न सकेको छैन । शनिबार गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा) बाटै रामसहायप्रसाद यादव र प्रमिला यादवले उम्मेद्वारी दर्ता गराएका छन् । गठबन्धनका अर्का दल जनमत पार्टीले ममता झाको उम्मेद्वारी दर्ता गराएको छ । यसरी एउटै पार्टीबाट दुई जना र जनमत पार्टीको समेत दावी रहनुमा जसपाले उपराष्ट्रपतिमा पुरूष उम्मेद्वार उठाउने निर्णय गर्नु हो । राष्ट्रपतिमा पुरूष निर्वाचित भइसकेकाले अब उपराष्ट्रपतिमा महिला उम्मेद्वार बनाउन निर्वाचन आयोगले परिपत्र गरेपनि जसपाको नेतृत्व तयार भएन । त्यसैकारण एउटै पार्टीबाट दुई उम्मेद्वार र गठबन्धनबाट तीन जनाको उम्मेद्वारी परेको छ । जबकी पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई उम्मेद्वार बनाएर एमाले प्रचारमा गइसकेको छ ।

जसपाले निर्णय नै गरेर उम्मेद्वारी दर्ता गराएका रामसहाय यादव भने मुद्दा मामिलातिर लाग्नु परेको छ । एमालेले उनीविरूद्ध दिएको उजुरीको जवाफ दिन यादव मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेका थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले पनि यादवको उम्मेद्वारी कायमै राखेको छ । संविधानले त्यस्तो छुट दिएको भन्दै यादव उपराष्ट्रपति पदको प्रतिस्पर्धामै छन्, भलै उनले जित्न पनि सक्छन् । तर स्थानीय तहदेखि प्रदेश, प्रतिनिधिसभा र राष्ट्रियसभामा समेत प्रमुख पदहरू मध्ये एक महिला अनिवार्य भन्ने संविधानको भावना राष्ट्रपतिमा खण्डित हुनेछन् । संविधानको अक्षरले दिएको छुट पाएर गठबन्धनले जितेपनि समावेशी लोकतन्त्रको मूल आधार भत्कनेछ । यी सबै परिस्थितिको सिर्जना भने मुख्य दलका नेताहरूको व्यक्तिगत स्वार्थबाट निम्तिएको हो । जसपाले पनि पुरूषलाई उपराष्ट्रपति बनाउन चाहनुमा अध्यक्ष उपेन्द्र यादवको उपनिर्वाचन लड्ने स्वार्थ हो । गत चुनावमा पराजित भएपछि यादव जसरी पनि संसदमा आउने चाहनामा छन्, जुन संसदीय लोकतन्त्रको भावना बिपरीत हो ।

# अंकगणितको खेल र अस्थिरता


*संसदमा कांग्रेस र एमाले अंकगणीतका हिसाबले सबैभन्दा ठूला दल हुन् । उनीहरू दुई मिल्दा सहजै बहुमत पुग्छ । तर, उनीहरू एकले अर्कोलाई निषेध गर्ने राजनीति खेल्दै आएका छन् । जसका कारण संसदमा आकारमा निकै तलको पार्टी माओवादी केन्द्र आज मुख्य निर्णायक शक्ति बनेको छ ।*

अग्रलेख



● युवराज न्यौपाने

पुस १० को बालकोट वार्ताको सहमतिका आधारमा पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बन्न सफल भएका थिए । उनलाई नेकपा (एमाले)सहित सात दलको समर्थन थियो । तर, राष्ट्रपति चयनको सन्दर्भमा पूर्वसहमतिलाई तोडेसँगै एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी सरकारबाट बाहिरिसकेका छन् भने गृहमन्त्रालयको विवादमा राष्ट्रिय स्वतन्त्र पार्टी यसअघि नै बाहिरिएको थियो । पुस २६ मा विश्वासको मत लिँदा संसदमा भएका दुई दल राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी बाहेकको समर्थन पाएका प्रचण्ड दुई महिनाकै अवधिमा अल्पमतमा परेका छन् । उनीसँग सरकारमा पाँच सिटे जनमत पार्टी मात्रै छ । सत्ता साझेदार दुई दल एमाले र राप्रपाले समर्थनसमेत फिर्ता लिएको कारण प्रचण्डले विश्वासको मत लिनुपर्ने अवस्था बनेको छ । तर, राष्ट्रपतिको निर्वाचनमा गठबन्धन फेरेरको कारण फेरिएको गठबन्धनले नै सघाउने वा नसघाउने भन्ने अन्योलमा देखिन्छ ।



